# गण्डकी प्रदेश सभा सचिवालय

पोखरा, नेपाल

## विषयगत समितिको सभापति पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ बमोजिम गण्डकी प्रदेश सभाका विषयगत समितिमा सभापति पदको निर्वाचन मिति २०८०/०६/२१ गते आइतबार दिनको १.०० बजे गर्ने गरी माननीय सभामुख श्री कृष्ण प्रसाद धितालज्यूले निर्वाचनको मिति र समय निर्धारण गर्नु भएकोले सोही नियम बमोजिम निम्नानुसारको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ।

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | कुनै माननीय सदस्यले अर्को कुनै माननीय सदस्यलाई सभापति पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने। | २०८०/०६/२० गते, शनिबार | बिहान ११.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म | प्रदेश सभा सचिवालय |
| २. | निर्धारित समय भित्र दर्ता भएका उम्मेदवारीको सूचनाको दर्ता क्रम अनुसार सूची प्रकाशन गर्ने। | २०८०/०६/२० गते, शनिबार | अपरान्ह ४:३० बजे | सूचना पाटी, प्रदेश सभा सचिवालय |
| ३. | गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ बमोजिम समितिको बैठकमा सभापति पदमा निर्वाचित गरियोस् भनी प्रस्तावक सदस्यले प्रस्ताव गर्ने, समर्थक सदस्यले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक रुपमा छलफल हुने र दर्ता क्रम अनुसार उम्मेदवारीको प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्ने।<br><br>(पहिलो प्रस्तावले बहुमत प्राप्त गरेमा अर्को उम्मेदवारी प्रस्तुत नहुने, साथै एकमात्र प्रस्ताव दर्ता भएमा निर्विरोध निर्वाचित भएको घोषणा हुने) | २०८०/०६/२१ गते, आइतबार | दिनको १:०० बजे प्रारम्भ हुने सम्बन्धित समितिको बैठकमा | सम्बन्धित समितिको बैठक कक्ष |

मितिः- २०८०/०६/१८ गते

समयः- बिहान ११.०० बजे

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव

फोन नं. ०६१-५७६३२४, ५७०८००, ईमेल :gandakiprovince@gmail.com वा provinceassembly@gmail.com

वेभसाइट :- pradeshsabha .gandaki.gov.np